# फाल्गुनन्द राजपत्र


फाल्गुनन्द गाउँपालिका द्वारा प्रकाशित

खण्ड-७ संख्या-२ मितिः२०८१/११/१९


## भाग-२

## फाल्गुनन्द गाउँपालिका

## कोशी प्रदेश, नेपाल

# फाल्गुनन्द गाउँपालिका घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०७५ (पहिलो संसोधन, २०८१)

फाल्गुनन्द गाउँपालिका घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र (पहिलो संसोधन) कार्यविधि, २०८१

स्विकृत मितिः २०७५/०८/२४

पहिलो संसोधन मितिः २०८१/११/१२/०७

फाल्गुनन्द गाउँपालिका घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०७५ लाई संसोधन गर्न बान्छनीय भएकोले,

फाल्गुनन्द गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "फाल्गुनन्द गाउँपालिका घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र (पहिलो संसोधन) कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **फाल्गुनन्द गाउँपालिका घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०७५ को दफा ११ मा संसोधनः**

फाल्गुनन्द गाउँपालिका घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि, २०७५ (यस पछि " मूल कार्यविधि" भनिएको) को दफा ११ को उपदफा ३ मा देहाय वमोजिम राखिएको छः-

"(१) फाल्गुनन्द गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा ११ मा ईजाजतपत्रको नविकरण सम्बन्धी व्यवस्था को उपदफा ३ मा अध्यक्षले ईजाजतपत्र नविकरण गरिदिनुपर्ने व्यवस्था भएकोमा प्रमुख प्रशासकीय अधिकृतले नविकरण गर्ने गरि सो दफा संसोधन कायम गरिएको छ ।"